# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### ‘ग्लोबल मनी विक–२०२२’ सम्पन्न

वित्तीय चेतनामूलक कार्यक्रमको आयोजना गरी मुलुकभर ‘ग्लोबल मनी विक-२०२२’ मनाइएको छ । नेपालमा नेपाल राष्ट्र बैंकको संयोजनमा २०७८ चैत ७-१३ (मार्च २१-२७, २०२२) मा वित्तीय चेतनामूलक कार्यक्रमको आयोजना गरी साताव्यापी रुपमा ग्लोबल मनी विक मनाइएको हो । यो ग्लोबल मनी विकको दसौं संस्करण हो ।




ग्लोबल मनी विकअन्तर्गत यस वर्षको नारा 'Build your future, be smart about money' तय गरिएको थियो । सो अवसरमा नेपाल राष्ट्र बैंकको अगुवाइमा वित्तीय क्षेत्रका अन्य नियामक निकाय र संघ/संस्थाको सहभागितामा मुलुकभर विभिन्न वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन भएका छन् ।

यसै क्रममा नेपाल राष्ट्र बैंकले गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा चैत ७ गते काठमाडौंमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा गभर्नर अधिकारीले वित्तीय चेतना सबैका निम्ति आवश्यक रहेको हुँदा वित्तीय जागरण र वित्तीय चेतना अभिवृद्धिका लागि ग्लोबल मनी विकको अभियान सान्दर्भिक रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, “कसैलाई वित्तीय क्षेत्रको आधारभूत जानकारी आवश्यक छ भने सामान्य सुझबुझ भएका व्यक्तिलाई आधुनिक बैंकिङ प्रणालीको साक्षरता आवश्यक पर्न सक्छ । समग्रमा वित्तीय चेतना सबैको निम्ति आवश्यक छ ।”




कार्यक्रमको दोस्रो सत्रमा वित्तीय चेतना प्रवर्द्धन गर्ने किसिमका चार वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । भुक्तानी प्रणाली विभागका उप-निर्देशक सौरभ पोखरेलले ‘डिजिटल वित्तीय साक्षरता’, नेपाल धितोपत्र बोर्डका उप-कार्यकारी निर्देशक डा. नवराज अधिकारीले ‘धितोपत्र बजारको आधारभूत पक्ष र लगानीसम्बन्धी शिक्षा’, सहकारी विभागका शाखा अधिकृत शोभा घिमिरेले ‘सहकारीमा वित्तीय साक्षरता’ र बीमा समितिका सहायक निर्देशक राम कोजुले ‘बीमा तथा बीमा समितिको संक्षिप्त परिचय’ विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहकारीकर्मी, विद्यार्थी, बीमा अभिकर्ता, पुँजी बजारका साना लगानीकर्ता लगायतको सहभागिता थियो ।



राष्ट्र बैंककै प्रयासमा हिमालय टेलिभिजन र बफाङस्थित साइपाल एफएममा वित्तीय चेतनामूलक अन्तरवार्ता प्रसारण भएका छन् । साथै, बैंकको प्रदेशस्थित कार्यालयमार्फत विभिन्न स्थानमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम, वित्तीय चेतनामूलक र्‍याली जस्ता कार्यक्रम आयोजना भएका छन् । यसै गरी, राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र भुक्तानीसम्बन्धी कारोबार गर्न अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायकले पनि विभिन्न जिल्लामा वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन गरेका छन् ।




'ग्लोबल मनी विक-२०२२' कै अवसरमा नेपाल धितोपत्र बोर्डले पुँजी बजारसम्बन्धी साक्षरतालाई प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । नेपाल स्टक एक्सचेन्ज, सीडीएस एण्ड क्लियरिङ, मर्चेन्ट बैंकर, स्टक ब्रोकर, क्रेडिट रेटिङ एजेन्सीलगायतको सहभागितामा बोर्डले विभिन्न कार्यक्रम सञ्चालन गरेको हो ।




यसै क्रममा बोर्डले चैत १३ गते काठमाडौंमा माननीय अर्थमन्त्री जनार्दन शर्माको प्रमुख आतिथ्यमा वित्तीय साक्षरता प्रभातफेरी कार्यक्रम आयोजना गर्‍यो । भद्रकाली मन्दिरबाट सुरु भएको प्रभातफेरी सहिदगेट, सुन्धारा, नयाँ सडक, रत्नपार्क हुँदै भृकुटीमण्डपमा पुगेर समापन भएको थियो । प्रभातफेरीमा बैंक तथा वित्तीय संस्था, मर्चेन्ट बैंकर, धितोपत्र दलाल व्यवसायी, सहकारी संस्था, बीमा कम्पनीलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो ।




ग्लोबल मनी विकको अवसरमा नेसनल बैंकिङ इन्स्टिच्युटले प्रदेश नं. १, बाग्मती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-एक वटा कलेजका विद्यार्थीहरूसँग भर्चुअल माध्यममार्फत वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्‍यो । यसै गरी, बीमा समितिले नेपाल टेलिभिजनबाट बीमा साक्षरतासम्बन्धी अन्तरसंवाद कार्यक्रम सञ्चालन गरेको छ ।

'ग्लोबल मनी विक-२०२२' मूलतः किशोर/किशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्व बारेमा जागरण ल्याउने उद्देश्यले वार्षिक रूपमा मनाइने साताव्यापी अभियान हो । Organization for Economic Cooperation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वका सयभन्दा बढी मुलकमा यो अभियान सञ्चालन हुँदै आएको छ । 'Learn.Save.Earn.' लाई ग्लोबल मनी विकको स्थायी नारा तय गरिएको छ ।